नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग,
कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित
लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र
कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा
यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस)
दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध
गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार
सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित
बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति
२०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत
संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

देवानगञ्ज गाउँपालिका
देवानगञ्ज, सुनसरी
दर्ता नं.: ००३४१
दर्ता मिति: २०८२-०७-०२

नेपाल सरकार
भूमि समस्या समाधान आयोग
जिल्ला समिति सुनसरी
इनरुवा, सुनसरी

प.स.०८२/८३
च.नं. २४

मिति: २०८२/०४/३०

विषयः निवेदन दिने सम्वन्धी ३५(पैंतिस) दिने सूचना।

श्री ईटहरी उप-महानगरपालिका,ईटहरी
श्री धरान उप-महनगरपालिका,धरान
श्री वराहक्षेत्र नगरपालिका,चक्रघटी
श्री ईनरुवा नगरपालिका,ईनरुवा
श्री रामधूनी नगरपालिका,झुम्का
श्री दुहवी नगरपालिका,दुहवी
श्री हरिनगर गाउँपालिका,हरिनगर
श्री वर्जु गाउँपालिका,वर्जु
श्री कोशी गाउँपालिका,लौकही
श्री भोक्राहा नरसिंह गाउँपालिका,चिरौली
श्री गढी गाउँपालिका,औरावनी
श्री देवानगञ्ज गाउँपालिका, देवानगञ्ज

उपरोक्त सम्वन्धमा मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून वमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिवाट वितरण गरेका जग्गाहरुको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका वाँकी काम सम्पन्न गर्ने सम्वन्धी कार्यविधि, २०८१ को अनुसूची २ वमोजिमको ढाँचामा यस जिल्ला समिति सुनसरीको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेस गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागि आयोगद्धारा प्रकाशित सूचना यस पत्रसाथ पठाइएको व्यहोरा अनुरोध छ।

........ २०८२/०५/३०
शैलेन्द्र कुमार राई
विज्ञ सदस्य

नेपाल सरकार

भूमि समस्या समाधान आयोग

जिल्ला समिति सुनसरी

प.स.०८२/८३
च.नं. २५

मिति २०८२/०४/३०

श्री ईटहरी उप-महानगरपालिका,ईटहरी
श्री धरान उप-महनगरपालिका,धरान
श्री वराहक्षेत्र नगरपालिका,चक्रघटी
श्री इनरुवा नगरपालिका,इनरुवा
श्री रामधूनी नगरपालिका,झुम्का
श्री दुहवी नगरपालिका,दुहवी
श्री हरिनगर गाउँपालिका,हरिनगर
श्री वर्जु गाउँपालिका,वर्जु
श्री कोशी गाउँपालिका,लौकही
श्री भोकाहा नरसिंह गाउँपालिका,चिरौली
श्री गढी गाउँपालिका,औरावनी
श्री देवानगञ्ज गाउँपालिका, देवानगञ्ज,

विषयः ३५ दिने सूचना प्रकाशन भएको जानकारी सम्वन्धमा।

उपरोक्त सम्वन्धमा भूमि समस्या समाधान आयोग, ताहाचल काठमाडौंले मिति २०८२/०४/३० गते भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीले निवेदन दिने सम्वन्धी ३५(पैंतीस) दिने सुचना प्रकाशन गरेको हुनाले उक्त सूचना अनुसार सम्पुर्ण वडामा तोकेको ढाँचामा फारम भर्न भराउन र उक्त सूचनालाई स्थानिय टी.भी., रेडियो, माइकिङ र सामाजिक सन्जालवाट प्रचारप्रसार गरि दिनु हुन अनुरोध छ साथै आयोगद्धारा प्रकाशित सूचना पनि यस पत्रसाथ पठाइएको व्यहोरा अनुरोध छ।

............ २०८२/०४/३०

शैलेन्द्र कुमार राई
विज्ञ सदस्य

देवानगञ्ज गाउँपालिका
देवानगञ्ज, सुनसरी
दर्ता नं.: 0368
दर्ता मिति: २०८२/०४/३०